नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०६८ (December 2011) वर्ष १५/अङ्क १७७

## कन्या गर्भवती भएर जन्मिनुभएका येशू

– पाष्टर महेश प्रसाद थाँजु

सुसमाचारका पुस्तकहरूमा उल्लेख भएअनुसार परमेश्वरको अलौकिक बन्दोबस्तद्वारा येशू मरियमको गर्भमा आउनुभएको थियो । लूका १:२६-३५ अनुसार अघिबाटै गब्रिएल स्वर्गदूत कन्ये मरियमकहाँ देखा परेर "पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छायाँ तिमीमाथि पर्नेछ ।" भनीकन बताएका थिए साथै मत्ती १:१८ ले भन्छ, "...मरियम पवित्र आत्माद्वारा गर्भवती भएकी थाहा भयो ।"

मरियम गर्भवती हुँदा योसेफसँग तिनको मगनी भइसकेको थियो तर विवाह भएको थिएन । विवाहअघि नै गर्भवती भएको घटनाका कारण योसेफले मरियमलाई त्याग्ने इच्छा गरेका थिए । तथापि सपनामा परमप्रभुका दूत देखा परेर भनेका थिए, "...जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ ।" मत्ती १:२४ र २५ मा लेखिएको छ, "योसेफ निद्राबाट ब्यूँझे, र परमप्रभुका दूतले उनलाई भनेबमोजिम उनले मरियमलाई आफ्नी पत्नीको रूपमा स्वीकार गरे । मरियमले पुत्र नजन्माउञ्जेल योसेफले तिनीसँग सहवास गरेनन्...।"

येशू साँच्चैकै कन्या गर्भवती भएर जन्मनुभएको हो । धर्मशास्त्रको वृत्तान्तबाट यो कुरा स्पष्ट देखिन्छ । त्यसबेलाका यहूदी कन्ये-केटीहरू १२ अथवा १३ वर्ष उमेरको छँदा नै प्राय तिनीहरूको मगनी हुने गर्दथ्यो । त्यतिखेरको कानूनअनुसार मगनीचाहिँ विवाहको पहिलो खुड्किलो हुने गर्दथ्यो र अन्दाजी १ वर्ष जति बाबुआमासितै रहेपश्चात् केटीहरूको विवाह हुन्थ्यो र आफ्ना पतिसित रहनका लागि जान्थे । उक्त अवधिअघि नै यदि केटी गर्भवती भएमा तिनको निम्ति यो ठूलो सार्वजनिक बेइज्जतीको कुरा हुन्थ्यो र कानून कडाइ गरेका अवस्थामा एउटी व्यभिचारिणीले पाउने मृत्युदण्ड पाउने अवस्था पनि आउन सक्थ्यो । मरियमलाई त्याग्ने योसेफको निर्णय सार्वजनिक भएको अवस्थामा यसले मरियमलाई ठूलो आपत्मा पार्न सक्दथ्यो । शायद, मरियमलाई केही समय समानबाट लुकेर बस्नुपर्ने आवश्यकता पनि भएको हुन सक्दछ किनकि लूका १:३९,४० र ५६ अनुसार आफू गर्भवती भएपश्चात् मरियमले ३ महिना जति आफ्ना नातेदार यहूदियाकी एलिशिबाकहाँ बिताएकी थिइन् ।

सन्त अगस्तस् तथा अन्य कतिपय शुरूका इसाई विद्वान र लेखकहरूकाअनुसार येशूको जन्मका समयमा मरियमलाई कुनै पनि प्रसव वेदना भएको थिएन । यिनीहरूको भनाइमा प्रसव वेदनाचाहिँ एउटा श्रापको रूप थियो जुन अदनको बगैंचामा भएको हव्वाको गलत आचरणका कारण परमेश्वरले स्त्री जातिहरूमाथि राखिदिनुभएको थियो (उत्पत्ति ३:१६) । परमेश्वरको अलौकिक उपायद्वारा येशू मरियमको गर्भमा आउनुभएको कारण मरियमचाहिँ उक्त श्रापको प्रभावबाट बाहिर परेकी थिइन् र तिनलाई कुनै प्रसव वेदना भएको थिएन । येशूको जन्म मरियमका खातिर व्यथारहित जन्म थियो ।

इसाई धर्मसित सम्बन्धित कुनै समूहले मरियम जीवनपर्यन्त नै कन्ये नै रहिन् भनीकन विश्वास गर्दछन् । तथापी मत्ती १३:५५-५६ अनि मर्कूस ६:३ जस्ता धर्मशास्त्रका अंशहरूले येशूका ४ भाइहरू कम्तिमा पनि २ बहिनीहरू थिए भनेर बताएको हामी पाउँदछौं । यिनीहरू येशूपश्चात् जन्मेका योसेफ र मरियमका प्राकृतिक सन्तानहरू हुन् भनी बहू संख्यक बाइबलका विद्वानहरू विश्वास गर्दछन् । लूका २:७ ले पनि यही संकेत गरेर भनेको छ, "तिनले आफ्नो छोरो जन्माइन् ...।"

यशैया ७:१४ को भविष्यवाणी एउटी कन्ये-केटी गर्भवती भएर छोरो जन्माउने भविष्यवाणी हो । यो भविष्यवाणी येशूमा आएर पूरा भएको छ । मत्ती १:२०-२१ मा परमप्रभुका दूतद्वारा येशूको जन्मको घोषणा लगत्तै यी कुरा यशैया अगमवक्ताद्वारा गरिएको भविष्यवाणीको पूर्णता हो भन्ने कुरा जनाउन मत्तीले यशैया ७:१४ उद्धृत गरेका छन् । तिनले "इम्मानुएल" शब्द पनि दोहोऱ्याएका छन् । यशैया ७:१४ ले भनेको कन्ये-केटी अरू कोही होइन, मरियमनै हुन् । येशूको जन्मको घोषणा लिएर आएका स्वर्गदूतलाई "यो कसरी हुन सक्छ, किनकि म एक कन्या हुँ" भनीकन मरियमले जवाफ दिएकी थिइन् । स्वर्गदूतको प्रतिक्रिया थियो, "...परमेश्वरका निम्ति कुनै कुरा असम्भव छैन ।"

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| **मिति** | **ज्ञानेश्वर** | **नगरकोट** | **सिर्जनानगर** | **ललितपुर** | **पनौती** | **गुरूजुधारा** |
| **मंसीर २४ गते डिसेम्बर १० ता.** | पाष्टर सामुएल कार्थक | श्री सुरेन्द्र नेपाली | डीकन सुरेश पुरकोटी | डीकनेस् श्यारोन रोंगोंग | पाष्टर दफ्तन सादा | **संयुक्त सेवा ललितपुर** |
| **पौष २ गते डिसेम्बर १७ ता.** | डीकनेस् शुईङ्ग कार्थक | एल्डर दिनेश न्यौपाने | सुमित्रा तामाङ्ग | पाष्टर राजेन्द्र रोंगोंग डीकन गोपाल शर्मा | एल्डर रूबेन श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग |
| **पौष ९ गते डिसेम्बर २४ ता.** | - | **संयुक्त सेवा नगरकोट** पा. अशोक मुखिया | | पाष्टर राजेन्द्र रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु | श्रीमती सारा खालिङ |
| **पौष १० गते डिसेम्बर २५ ता.** | **संयुक्त ख्रीष्टमस सेवा (सानो गौचरण) ज्ञानेश्वर- पास्टर रोबर्ट कार्थक** | | | | | |
| **पौष १६ गते डिसेमबर ३१ ता.** | धन्यवादको आराधना सेवा | धन्यवादको आराधना सेवा | धन्यवादको आराधना सेवा | श्री छयोगेन रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन जनक लाल श्रेष्ठ |
| **पौष २३ गते जनवरी ७ ता.** | पास्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा ज्ञानेश्वर** | | पाष्टर दफ्तन सादा | श्री प्रेम बहादुर ठकुरी | एल्डर दिल थापा |

**प्रभु येशू ख्रीष्टको जन्मोत्सव (ख्रीष्टमस) तथा नव वर्ष २०१२ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, आवद्ध मण्डलीहरू, देश विदेशमा रहनुभएका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आषिशमय दिनहरुको लागि शुभकामना साथै सम्पूर्ण देशबासीहरुमा शान्ति, प्रेम, मेलमिलाप र एकताको लागि प्रार्थना गर्दछौं ।**

## डिसेम्बर महिनाको कार्यक्रम

१. मंसीर १८ गते/डिसेम्बर ४ ता. आइतबार बिहान १०:००-१२:०० बजेसम्म **नेइम परिषदको बैठक** साथै १२:००-३:०० बजेसम्म मण्डलीका सम्पूर्ण अगुवाहरूसँगको भेटघाट ज्ञानेश्वर मण्डली

२. पौष १ गते/डिसेम्बर १६ ता. शुक्रबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डली

३. पौष १० गते/डिसेम्बर २५ ता. आइतबार बिहान ११:०० बजे **संयुक्त ख्रीष्टमस सेवा – सानो गौचरण**

४. पौष १६गते/डिसेम्बर ३१ ता. शनिबार राति ९:००-१२:०० बजेसम्म **आधा रातको प्रार्थना** आ-आफ्नै ठाउँहरूमा



नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **श्रीमती दिल माया सुनुवार** ८२ वर्षको उमेरमा कार्तिक २८ गते/नोभेम्बर १४ ता. सोमबार प्रभुमा सुत्नुभयो ।



नयाँ बजार बस्नुहुने गोंगबू मण्डलीको सदस्य **श्रीमती फुर्कु तामाङ्ग** ९१ वर्षको उमेरमा कार्तिक २९ गते/नोभेम्बर १५ ता.मंगलबार प्रभुमा सुत्नुभयो ।



नेइम जोरपाटी मण्डलीको सदस्य **श्री कृष्ण बहादुरङ्ग** ८६ वर्षको उमेरमा मंसीर १० गते/नोभेम्बर २६ ता.शनिबार प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबूँ | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरु समयहरुमा विभिन्न ठाउँहरु | | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन | | |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट | | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर | | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) | | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी | | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | | |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी गाम्छा, सुन्दरीजल र ताहाचल | | |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती | | |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | | |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **गोंगबूँ** | **रानीपौवा** | **साहुगाउँ** |
| **मंसीर २४ गते**<br>डिसेम्बर १० ता. | पाष्टर<br>एल.पी.न्यौपाने | एल्डर<br>जमान तामाङ्ग | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | **संयुक्त सेवा**<br>पा. अशोक मुखि | डीकन<br>बेन्जामिन तामाङ्ग | श्री<br>धन बहादुर तामाङ्ग |
| **पौष २ गते**<br>डिसेम्बर १७ ता. | पाष्टर<br>एल.पी.न्यौपाने | **संयुक्त सेवा गोंगबूँ** | | | पाष्टर<br>महेश थाँज | डीकनेस्<br>नविना लिम्बु | श्री<br>जय सिंह |
| **पौष ९ गते**<br>डिसेम्बर २४ ता. | पाष्टर<br>महेश थाँजु | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | पाष्टर<br>एल.पी.न्यौपाने | डीकनेस्<br>पूर्ण माया पाखिन | श्री<br>धन बहादुर तामाङ्ग |
| **पौष १० गते**<br>डिसेम्बर २५ ता. | **संयुक्त खीष्टमस सेवा (सानो गौचरण) ज्ञानेश्वर- पास्टर रोबर्ट कार्थक** | | | | | | |
| **पौष १६ गते**<br>डिसेमबर ३१ ता. | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | एल्डर<br>जमान तामाङ्ग | श्री<br>अब्राहाम नगरकोटी | श्री<br>अमृत लामा | पाष्टर<br>बर्णबास श्रेष्ठ | डीकनेस्<br>निर्मला ढुङ्गेल | श्री<br>धन बहादुर तामाङ्ग |
| **पौष २३ गते**<br>जनवरी ७ ता. | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>गोपी राई | श्री<br>राज गुरूङ्ग | पाष्टर<br>एल.पी. न्यौपाने | **संयुक्त सेवा**<br>**गोंगबूँ चर्च** | श्री<br>धन बहादुर तामाङ्ग |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई




मंसीर २ गते/नोभेम्बर १८ ता. शुक्रबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री सुरेन्द्र श्रेष्ठ र ए.जी. बेथेल चर्चको सदस्य सुश्री रीना खड्गीको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती सुरेन्द्र/रीना श्रेष्ठ लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर २ गते/नोभेम्बर १८ ता. शुक्रबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री राज कुमार श्रेष्ठ र ए.जी. बेथेल चर्चको सदस्य सुश्री रिजना खड्गीको ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती राज कुमार/रिजना श्रेष्ठ लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ११ गते/नोभेम्बर २७ ता. आइतबार ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती मणि राज/मन्दिरा प्रजापतिलाई मण्डली परिवारका तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाको अनुरोध

**मंसीर २३ गते/डिसेम्बर ९ ता. शुक्रबार आदरणीय पाष्टर गुरुबा रोबर्ट कार्थक, पाष्टर राजेन्द्र रोंगोंग, पाष्टर बर्णबास श्रेष्ठ र श्री लेखनाथ पौडेल पुने, बेङ्लोर र मुम्बईमा सेवकाईको लागि जादैहुनुहुन्छ । उहाँहरू पौष ४ गते डिसेम्बर १९ तारिक सोमबार फर्कनुहुनेछ ।**

## जानकारी

१. कार्तिक १९ गते/नोभेम्बर ५ ता. शनिबार नेइम ललितपुर मण्डलीमा १३ जना विश्वासीहरूले सपर्मण गर्नुभयो ।

२. कार्तिक २० गते/नोभेम्बर ६ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा १२ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. मंसीर १० गते/नोभेम्बर २६ ता. शनिबार नेइम गोंगबूँको शाखा छोरी मण्डली रसुवा कालिकास्थान कर्मीडाँडामा पास्टर एल.पी.न्यौपानेद्वारा श्री रामभक्त तामाङ्ग (वाइबा)लाई डीकन अभिषेक गरियो ।

## प्रार्थनाका विषयहरू

१. नेइमअन्तर्गतका सबै मण्डलीहरू साथै नेपाल भरिका मण्डलीहरूमा खीष्टमसको सुखद अवसरमा हुने सेवा संगतिको लागि प्रार्थना गरिदिऔं साथै विभिन्न माध्ययमद्वारा प्रचार/प्रसारण गरिने सुसमाचारीय कार्यक्रमद्वारा धेरै मानिसहरूले खीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।

२. पौष १० गते डिसेम्बर २५ तारीक आइतबार हुने खीष्टमस सेवामा वचनको सेवाकाई गर्नुहुने, आराधना झुण्ड, संचालन गर्नुहुने साथै सो दिनको कार्यक्रममा साउण्ड सिस्टम, सुरक्षा, मौसम, टाढा नजिकबाट आउनुहुने मण्डलीका विश्वासीहरू र सबै व्यवस्था मिलाउनेहरूको लागि प्रार्थना गरिदिऔं ।

३. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् भनी प्रार्थना गरिदिऔं ।

४. सबैको लागि हित हुने ठीक संविधान समयमा बनिन सकून् भनी प्रार्थना गरौं, साथै संविधान समितिको निम्ति ज्ञान बुद्धि मागी दिऔं ।

५. देशमा राजनैतिक गतिरोध, समस्या, अस्थिरता र द्वन्द चाँडै समाधान भई स्थायी शान्ति, समृद्धि, मेलमिलाप आई राष्ट्रको उन्नतिहोस् भनी देशको लागि प्रार्थना गरौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २० 6<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही बन्न पनि सकौं ।<br>**३ यूहन्ना ६** | २७ 13<br>नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>**कलस्सी २:६-७** | ४ 20<br>आज हुने कार्यकारिणीको बैठकमा परमेश्वरको विशेष आशिष मागिदिऔं ।<br>**हितोपदेश १६:१-३** | ११ 27<br>नेइमअन्तर्गतका सबै शाखा/आवद्ध मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली हुँदै जान सकून् ।<br>**एफिसी ३:१४-१९** |
| **सोमबार**<br>**Monday** | २१ 7<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | २८ 14<br>कुनै पनि परिवारमा परमेश्वरको आदर, प्रशंसा र संगति गर्ने पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**यहोशू २४:१४-१८** | ५ 21<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>**भजनसंग्रह २५:२१** | १२ 28<br>गरिबी, अभाव, बेरोजगारमा साथै अरू विभिन्न प्रकारको समस्यामा परेका सबैको लागि परमेश्वरको अनुग्रह मागिदिऔं ।<br>**फिलिप्पी ४:४-७** |
| **मंगलबार**<br>**Tuesday** | २२ 8<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>**२ कोरिन्थी ६:३-१०** | २९ 16<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाकेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** | ६ 22<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ४६:१-११** | १३ 29<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**भजनसंग्रह २५:३-५** |
| **बुधबार**<br>**Wednesday** | २३ 9<br>टिनेजर्स् युवा क्याम्पमा सुनेको वचनमा सबै जवानहरू आज्ञाकारी हुन सकून् ।<br>**यूहन्ना १४:२१** | ३० 17<br>भोलिको उपवास प्रार्थना सभाहरूमा चढाइने प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>**मत्ती ७:७-११** | ७ 23<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथासक्य भाग लिन सकून् ।<br>**यशैया ४५:२-३** | १४ 30<br>प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिमा सधैँ धन्यवादी भई जिउनेहरू हुन सकून् ।<br>**हबकूक ३:१७-१९** |
| **बिहीबार**<br>**Thursday** | २४ 10<br>मण्डलीका सबै जवानहरूको आत्मिकी जीवनको साथै विवाह, शिक्षा, काम -व्यवसाय, पढाइ जस्ता सबै क्षेत्रमा आशिष मागिदिऔं ।<br>**हितोपदेश ३:१-६** | १ मंसीर 18<br>बाल संगतिका प्रत्येक बालबालिकाहरूले सानै उमेरमा प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गरी परमेश्वरको आशिषमा बढ्दै जान सकून् ।<br>**यशैया ६१:९** | ८ 24<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहन सकून् ।<br>**१ यूहन्ना २:१५-१७** | १५ December 1<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**हिब्रू १३:२१** |
| **शुक्रबार**<br>**Friday** | २५ 11<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | २ 19<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनमा आज्ञाकारी हुँदै जान सकौं ।<br>**२ तिमोथी ४:५** | ९ 25<br>भोलि नेपालभरि हुने आराधना सेवामा चढाएको स्तुति प्रशंसाद्वारा, उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुरा हटेर गएको होस् ।<br>**२ इतिहास २०:२१-३०** | १६ 2<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>**भजनसंग्रह १४७:१-२०** |
| **शनिबार**<br>**Saturday** | २६ 12<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**हिब्रू १०:२४-२५** | ३ 20<br>मण्डलीका विश्वासीहरू सबै प्रकारको भूल, धोका दिने झूटा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले जोगाऊन् ।<br>**२ यूहन्ना ७-१०** | १० 26<br>विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १७ 3<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** |

**स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन् ।**

**मत्ती २४:३५**

**तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो ।**

**भजनसंग्रह ११९:१०५**

**तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, ...मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' ।"**

**मत्ती ४:४**